आज मिति २०८० जेठ महिनाको २८ गते आइतबार विहान ८:०० बजे बलेफी गाउँपालिकाका अध्यक्ष श्री गंगाबहादुर तामाङ ज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णयहरु गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री गंगा बहादुर तामाङ | अध्यक्ष |
| श्री सरु लामा तामाङ | उपाध्यक्ष |
| श्री हुप बहादुर खड्का | वडाअध्यक्ष वडा नं. १ |
| श्री छविलाल न्यौपाने | वडाअध्यक्ष वडा नं. २ |
| श्री रितेश तामाङ | वडाअध्यक्ष वडा नं. ३ |
| श्री सुर्जे तामाङ | वडाअध्यक्ष वडा नं. ४ |
| श्री यादव ठकुरी | वडाअध्यक्ष वडा नं. ५ |
| श्री तेज बहादुर पराजुली | वडाअध्यक्ष वडा नं. ६ |
| श्री गृबिन्द्र कुमार चौंलागाई | वडाअध्यक्ष वडा नं. ७ |
| श्री रमेश कुमार श्रेष्ठ | वडाअध्यक्ष वडा नं. ८ |
| श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य |
| श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य |
| श्री रश्मी तामाङ | कार्यपालिका सदस्य |
| श्री समिक्षा भुजेल | कार्यपालिका सदस्य |
| श्री देवकी भुजेल | कार्यपालिका सदस्य |
| श्री कविता काफ्ले | कार्यपालिका सदस्य |
| श्री सलवहादुर पाण्डे | सदस्य सचिव |

आमन्त्रित

बैठकका प्रस्तावहरु :

१. आ.व. २०७९।८० को पूर्व स्वीकृत वार्षिक कार्यक्रम सम्बन्धमा

२. आगामी आ.व. को लागि करका दरहरु निर्धारण सम्बन्धमा

३. आगामी गाउँसभाको पूर्व तयारी सम्बन्धमा

४. आधारभुत तथा माध्यमिक शिक्षा सञ्चालन कार्यविधि संशोधन

५. विविध

क) वक्तृत्वकला प्रतियोगिताको भुक्तानी दिने

ख) अन्तरपालिका स्तरीय खुल्ला भलिबलको भुक्तानी

ग) तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम संचालन

घ) मोटरसाईकल मर्मत सम्बन्धमा (बा.२ ब.७१३०)

ङ) निर्माण व्यवसायी ईजाजत पत्रको ठाउँसारी

चं) मेलडाँडा सामुदायिक कृषि सहकारीको संस्थाका स्रेस्ता रुजु तथा चेक जाँच गरेवापतको पारिश्रमिक भुक्तानी

छ) कर्मचारी संगठन संरचना प्रारम्भिक प्रतिवेदन

ज) पशुहरुमा महामारीको रुपमा फैलिएको लम्पी स्कीन

झ) चालु आ.व.२०७९।८० को नदीजन्य पदार्थ (दहत्तर बहत्तर)को कर संकलनमा ताकेता गर्ने

ञ) आगामी वर्षको शाखागत योजना तथा कार्यक्रम सम्बन्धमा

ट) प्राथमिक स्वास्थ्य केन्द्र जलविरेको स्थान संशोधनका लागि सिफारिस

ठ) गुम्बाडाँडा फुटबल मैदान निर्माण र चिलाउने सेलताप फुट ट्रेल र सेलताप मन्दिरको पार्क निर्माणको DPR स्वीकृत गर्ने

ड) मौरीखोला तथा फुलिकत्ता खानेपानी मर्मत योजना सम्बन्धमा

ढ) आहालचौर सुब्बाटोल सडक निर्माणमा विनियोजित रकम सुब्बाटोल गोरेटो बाटो संरक्षण योजनामा रकमान्तर सम्बन्धमा ।

ण) बलेफी गाउँपालिका वडा नं. १ मा निर्माणाधिन कपिलेश्वर बृद्धाश्रमको भेरियिसन सम्बन्धमा ।

निर्णयहरु:

१. प्रदेश तर्फ : चालु आ.व. २०७९।८० मा प्रदेश समानीकरण तर्फ विनियोजन भएका योजनाहरुको सम्झौता भई कार्य सम्पन्न गरी भुक्तानीका लागि आर्थिक प्रशासन शाखामा फाईल पेश भएको भएतापनि बागमती प्रदेश सरकारबाट चौथो किस्ताको रकम निकासा नभएकोले उक्त भुक्तानीका सन्र्दभमा आगामी आ.व. २०८०।८१ मा उक्त योजनाहरुको भुक्तानी उपलब्ध गराउनका लागि भुक्तानी दिन बाँकी दायित्वको रुपमा गाउँसभामा पेश गर्ने ।

(प्रदेश समानिकरण (पुँजीगत) तर्फको भुक्तानी गर्न बाँकी योजनाहरु अर्को पानामा टाँसिएको छ)

संघ तर्फ : चालु आ.व. २०७९।०८० मा संघीय समानीकरण पुँजीगततर्फ विनियोजित योजनाहरुको योजना शाखामा सम्झौता भई कार्य सम्पन्न हुन बाँकी रहेका र भुक्तानीका लागि आर्थिक प्रशासन शाखामा फाईल पेश हुन बाँकी योजनाहरुको कार्य सम्पन्न पश्चात पेश हुन आउने योजनाहरुमध्ये विद्यालयहरुको योजनालाई पहिलो प्राथमिकतामा राखी भुक्तानी दिने, वडागत योजनाहरुलाई छिटो फाइल पेश भएको आधारमा र वडागत रुपमा समान हुने गरी भुक्तानी दिने र भुक्तानी हुन बाँकी योजनाहरु आगामी आ.व. २०८०।८१ मा भुक्तानी उपलब्ध गराउन भुक्तानी दिन बाँकी दायित्वको रुपमा गाउँसभामा पेश गर्ने ।

प्रदेश र संघीय समानीकरण पुँजीगततर्फ चालु आ.व.मा २०७९।०८० मा विनियोजन भएको तर गाउँपालिकामा सम्झौता हुन बाँकी योजनाहरु आगामी आ.व. २०८०।८१ मा कायम राखी सो योजनाहरु सम्पन्न गर्ने ।

(संघीय समानिकरण (पुँजीगत) तर्फको भुक्तानी गर्न बाँकी योजनाहरु अर्को पानामा टाँसिएको छ)

२. आगामी आ.व. २०८०।०८१ को लागि स्थानीय राजश्व परामर्श समितिको बैठकबाट सिफारिस गरिएको करका दरहरु सम्बन्धमा छलफल गरी देहाय अनुसार कायम गर्न गाउँ सभामा पेश गर्ने । (अर्को पानामा संलग्न गरिएकोछ )

गाउँपालिकाभित्र प्रयोगविहिन रहेका सार्वजनिक बाँझो तथा पर्ती जग्गाहरु र अतिक्रमण भएका जग्गाहरुको अवस्थाको अध्ययन गरी उक्त जग्गाहरु प्रयोगमा ल्याई कर संकलन गर्ने प्रयोजनका लागि वडा नं. ७ को वडाध्यक्ष श्री गृबिन्द्र कुमार चौंलागाई ज्यूलाई संयोजकत्वमा देहाय अनुसारको ३ सदस्यीय समिति गठन गर्ने ।

१. श्री गृबिन्द्र कुमार चौंलागाई : संयोजक
२. श्री रितेश तामाङ : सदस्य
३. श्री सीता घिमिरे (कार्की) : सदस्य

३. बलेफी गाउँपालिकाको आगामी गाउँसभा मिति २०८० असार ७ गते सम्पन्न गर्ने, उक्त गाउँसभा खाडीचौर कभर्ड हलमा गर्ने ।

४. बलेफी गाउँपालिकाको आधारभुत तथा माध्यमिक शिक्षा सञ्चालन कार्यविधि, २०७४ मा विद्यालय व्यवस्थापन समितिमा भएको व्यवस्थामा देहाय बमोजिम संशोधन गर्नका लागि आगामी गाउँसभामा पेश गर्ने ।

क. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष मनोनयन सम्बन्धमा सम्बन्धित वडाको वडाअध्यक्ष वा उपाध्यक्षको सिफारिसमा गाउँपालिका अध्यक्षले मनोनयत गर्ने ।

ख. कार्यविधिको उपदफा (१) बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समितिको अबधी गठन भएको मितिले कम्तिमा २ वर्ष हुने ।

ग. कार्यविधिको उपदफा (१) बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति गठन उपदफा (२) बमोजिमको २ वर्ष समय अबधी पूरा गरेपश्चात मात्र कार्यान्वयन हुनेछ ।

विविध सम्बन्धमा,

क) मिति २०८०।०२।१२ गते बलेफी गाउँपालिका मा.वि. स्तरीय वक्तृत्व कला प्रतियोगितामा भएको खर्चको भुक्तानी दिने ।

ख) अन्तरपालिका स्तरीय खुल्ला भलिबल प्रतियोगितामा सहभागी भएको बलेफी गाउँपालिकाको भलिबल टोलीलाई खर्चको विल बमोजिमको रकम रु. ५०,००० भुक्तानी दिने ।

ग) गाउँपालिकाको तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम २०८० साल असार मसान्तसम्म सम्पन्न गर्ने ।

घ) गाउँपालिकामा विग्रीएर थन्किएको बा.२ ब.७१३० को मोटरसाइकल मर्मतका लागि पेश भएको स्टीमेट रकम रु. ३३,३०० स्वीकृत गरी मर्मत आदेश दिई मर्मत गर्ने ।

ङ) निर्माण व्यवसायी ईजाजत पत्रको ठाउँसारीको लागि पेश हुन आएको निवेदन स्वीकृत गरी ठाउँसारीको लागि अनुमती दिने ।

च) बलेफी गाउँपालिका वडा नं. ४ स्थित मेलडाँडा सामुदायिक कृषि सहकारीको संस्थाको स्रेस्ता रुजु तथा चेक जाँच गरेवापतको पारिश्रमिक रु. १०,०००/- भुक्तानी दिने ।

छ) बलेफी गाउँपालिकाको संगठन संरचना व्यवस्थापनको लागि तयार भएको प्रारम्भिक मस्यौदा प्रतिवेदन अध्ययनका लागि सबै कार्यपालिका सदस्यहरुलाई उपलब्ध गराउने र अन्तिम प्रतिवेदन तयारीको लागि आवश्यक राय तथा सुझाव पेश गर्ने ।

ज) पशुहरुमा महामारीको रुपमा फैलिएको लम्पी स्कीन डिजीज् रोकथामका लागि चालु आ.व.२०७९।०८० मा पशु शाखाको लागि विनियोजन भएको रकमबाट व्यवस्थापन गर्ने र रोग नियन्त्रण नभई उपचारको लागि रकम नपुग भएमा विपद् व्यबस्थापन कोषमा रहेको रकमबाट व्यवस्थापन गर्ने र महामारी नियन्त्रणका लागि कूनै दातृ निकायले सहयोग गर्न चाहेमा सहकार्य गर्ने ।

झ) चालु आ.व.२०७९।८० को नदीजन्य पदार्थ (दहत्तर बहत्तर) को कर संकलनका लागि मिति २०७९।११।२५ गतेको निर्णय अनुसार वडा अध्यक्ष श्री यादव ठकुरी ज्यूको संयोजकत्वमा बनेको कर संकलन टोलीले गाउँपालिकाको नदीक्षेत्रमा निर्माण कार्य गरिरहेका व्यक्ति, निर्माण व्यवसायी, ठेकेदार र उपभोक्ता समितिलाई कर संकलन गर्ने निर्णय भए यताका मितिमा बनेको संरचनामा प्रयोग भएको नदीजन्य पदार्थको प्राविधिकले स्थलगत रुपमा नापजाँच गरी आएको परिमाणको आधारमा अभिलम्ब कर तिर्न ताकेता गर्ने र यदि कर तिर्न अटेर गरेमा त्यस्ता व्यक्ति, निर्माण व्यवसायी र उपभोक्ताहरुको काम रोक्ने र अवस्था हेरेर भुक्तानी समेत रोक्नलाई सम्बन्धित निकायलाई पत्रचार गर्ने ।

ञ) आगामी वर्षको लागि शाखागत रुपमा पेश भएको योजना तथा कार्यक्रम सम्बन्धमा छलफल भयो ।

ट) बलेफी गाउँपालिका वडा नं. १ मा रहेको एकमात्र प्राथमिक स्वास्थ्य केन्द्र बलेफी गाउँपालिकाभित्र हुनुपर्नेमा जुगल गाउँपालिका अन्तरगत स्वास्थ्य मन्त्रालय र निजामती कितावखानामा देखिएकोले उक्त विवरण कार्यपालिकाको बैठकले बलेफी गाउँपालिकाभित्र रहेको निर्णय गर्दै तत् तत् निकायलाई जानकारी पठाउने ।

ठ) गुम्बाडाँडा फुटबल मैदान निर्माण र चिलाउने सेलताप फुट ट्रेल र सेलताप मन्दिरको पार्क निर्माणको DPR स्वीकृत गर्ने ।

ड) मौरीखोला तथा फुलिकत्ता खानेपानी मर्मत योजनालाई कोटेशन आव्हान गरी कार्य सम्पन्न गर्ने ।

ढ) बलेफी वडा नं. १ को चालु आ.व. २०७९।०८० मा स्वीकृत भएको आहालचौर सुब्बाटोल सडक निर्माणमा विनियोजित रकम सुब्बाटोल गोरेटो बाटो संरक्षण योजनामा रु दुई लाख रकमान्तर गर्ने ।

ण) बलेफी गाउँपालिका वडा नं. १ मा निर्माणधिन कपिलेश्वर बृद्धाश्रम भवनको नयाँ आइटम सहितको भेरियसन अर्डर स्वस्कृतका लागि यस गाउँ कार्यपालिकाको कार्यालयमा भएको सिफारिस मनासिव भएकोले उक्त भेरियिसन आदेश रु. १८,२७,५४९ (भ्याटसहित) स्वीकृत गर्ने र सो बमोजिम कार्य आदेश निर्माण व्यवसायीलाई दिई काम गराउने ।

निर्णय नं ४ उल्लिखित प्रक्रिया र नियम विपरीत भएको हुँदा उक्त निर्णयमा असहमति छ अन्य निर्णयमा सहमत छु

CamScanner